# गरिबी निवारण कोष जिल्ला समन्वय समिति

# सञ्चालन मार्गदर्शन

# २०७२

## गरिबी निवारण कोष

ताहाचल, काठमाडौ

चैत्र २, २०७२ कोषको सञ्चालक समितिबाट पारित

# प्रस्तावना

गरिबी निवारण कोषद्वारा स्थानीय स्तरमा गरिबी घटाई जीवनस्तर सुधारका विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । स्थानीय स्वायत्त शासन पद्धतिको भावना र मर्मअनुरुप गरिबी निवारण कार्यक्रमलाई स्थानीय निकायसँगको सहजीकरण र समन्वयमा सञ्चालन गरी कार्यक्रमको दिगोपना र प्रभावकारीता अभिवृद्धि गर्न आवश्यक देखिएकाले गरिबी निवारण कोष ऐन, २०६३ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी यो मार्गदर्शन तर्जुमा गरिएको छ ।

१. **संक्षिप्त नाम तथा प्रारम्भः**

(१) यस मार्गदर्शनको नाम "गरिबी निवारण कोष जिल्ला समन्वय समिति सञ्चालन मार्गदर्शन, २०७२" रहेको छ ।

(२) यो मार्गदर्शन गरिबी निवारण कोष सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

(क) "ऐन" भन्नाले गरिबी निवारण कोष ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले गरिबी निवारण कोष नियमावली, २०६७ सम्झनु पर्छ ।

(ग) "मार्गदर्शन" भन्नाले गरिबी निवारण कोष जिल्ला समन्वय समिति सञ्चालन मार्गदर्शन, २०७२ सम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले गरिबी निवारण कोष जिल्ला कार्यक्रम समन्वय समिति जनाउँछ ।

(ङ) "सामुदायिक संस्था" भन्नाले ऐन र नियमावलीद्वारा गठित समूहलाई जनाउँछ ।

(च) "सेवा प्रदायक संस्था" भन्नाले ऐनबमोजिम कार्यक्रम सञ्चालन गर्ने गरी कानुनबमोजिम स्थापित सरकारी तथा गैरसरकारी संस्था सम्झनु पर्दछ ।

(छ) "सचिवालय" भन्नाले कोषको सचिवालय सम्झनु पर्दछ ।

(ज) "कर्मचारी" भन्नाले कोषको कर्मचारी सम्झनु पर्दछ ।

(झ) “कोष” भन्नाले गरिबी निवारण कोषलाई जनाउँछ ।

३. **गरिबी निवारण कोष जिल्ला समन्वय समिति गठन :**

(क) कार्यक्रम लागू भएका जिल्लामा एक गरिबी निवारण कोष जिल्ला समन्वय समिति गठन गरिनेछ ।

(ख) उपरोक्त समितिको गठन देहायअनुसार हुनेछ ।

(क) जिल्ला विकासको समितिको सभापति वा स्थानीय निकायको निर्वाचान नभएसम्मका लागि जिल्लास्तरीय स्थानीय निकायको सभापतिको कामकाज गर्न तोकिएको अधिकारी.............................................................................. संयोजक

(ख) स्थानीय विकास अधिकारी............................................................ सदस्य

(ग) सहायक प्रमुख जिल्ला अधिकारी वा प्रशासकीय अधिकृत ......................सदस्य

(घ) कार्यक्रम लागू भएका नगरपालिकाको नगर प्रमुख वा प्रतिनिधि.............. सदस्य

(ङ) गाविस राष्ट्रिय महासङ्घको जिल्ला अध्यक्ष वा प्रतिनिधि ......................सदस्य

(च) जिल्ला प्राविधिक कार्यालय प्रमुख ...................................................सदस्य

(छ) जिल्ला कृषि विकास कार्यालय प्रमुख ............................................... सदस्य

(ज) जिल्ला पशु सेवा कार्यालय प्रमुख .................................................. सदस्य

(झ) महिला तथा बालबालिका कार्यालय प्रमुख ........................................सदस्य

(ञ) जिल्ला वन कार्यालय प्रमुख ........................................................ सदस्य

(ट) गरिबी निवारण कोषसँग साझेदारीमा काम गरिरहेका गैरसरकारी संस्थामध्येबाट समितिको संयोजकले तोकेका १ जना प्रतिनिधि..............................सदस्य

(ठ) गरिबी निवारण कोषसँग साझेदारीमा काम गरिरहेका सामुदायिक संस्थामध्येबाट समितिको संयोजकले तोकेको १ जना महिला प्रतिनिधि.........................सदस्य

(ड) गरिबसँग विश्वेश्वर कार्यक्रमको जिल्ला समन्वयकर्ता.............................. सदस्य

(ढ) गरिबी निवारण कोषको कार्यप्रबन्धक............................................. सदस्य-सचिव

समितिले कामको प्रकृति र आवश्यकताअनुसार विशेषज्ञ वा विषयसँग सम्वन्धित पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

## ४. समिति गठनको उद्देश्यः

समिति गठनको उद्देश्य देहायअनुसार हुनेछ ।

(क) जिल्लामा गरिबी निवारण कोषको कार्यक्रम कार्यान्वयन स्थानीय निकाय, विषयगत कार्यालय एवं अन्य सरोकारवालावीचको समन्वय तथा सहकार्यबाट उपलब्ध श्रोतहरुको संरक्षण, दिगो व्यवस्थापन र उपयोग गरी गरिबीको कुचक्रबाट विपन्न महिला, सीमान्तकृत समुदाय र आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्गलाई आर्थिक सशक्तीकरण र उत्पादनमूलक स-साना भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउने ।

(ख) गरिबी निवारणअन्तर्गत काम गर्न सबै सरोकारवालाहरुबीचको समन्वय, साझेदारी र सहभागितामा गरिबी निवारण कोषको कार्यक्रम र व्यवस्थापनको लागि दीर्घकालीन रणनीति तथा आवधिक योजनाहरुको तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने र अनुगमन गर्ने ।

(ग) गरिबी न्यूनीकरण र सामाजिक तथा लैंगिक समानता प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(घ) जिल्लास्तरमा रहेको सबै साझेदार संस्थाहरुको कार्यक्रम, आवश्यक प्राविधिक तथा व्यवस्थापकीय पक्षहरुमा अनुगमन र समन्वय गर्ने ।

## ५. समितिको काम, कर्तव्य तथा अधिकार :

समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ ।

(१) जिल्लाभित्र गरिबी निवारण कोषका कार्यक्रम व्यवस्थापन गर्न नयाँ योजना बनाउने र कार्यान्वयनमा रहेका योजनाको पुनरावलोकन गरी पारदर्शी र समयसापेक्ष बनाउने ।

(२) गरिबी न्यूनीकरण, दिगो विकासका लागि सरोकारवालाहरुंग समन्वय र सहकार्य गर्ने ।

(३) जिल्लामा गठित सामुदायिक संस्थाहरुको व्यवस्थापनका लागि सामुदायिक संस्थाको क्षमता र राष्ट्रिय महत्वलाई समेत ध्यानमा राखी सहमतिको आधारमा समूह व्यवस्थापन पद्धति चयन गर्न गरिबी निवारणका प्रयासमा लागेका जिल्लास्थित क्षेत्रगत निकायहरुवीच समन्वय गर्ने ।

(४) गरिवी न्यूनीकरण सम्वन्धित सबै प्रकारका योजना र कार्ययोजनाहरु विषयमा सरोकारवालासँग अन्तरक्रिय/छलफल गरी यो विषयमा आवश्यक राय, प्राविधिक सल्लाह सुझाव दिने ।

(५) जिल्लामा सञ्चालित गरिवी न्यूनीकरण सम्वन्धित आयोजनाहरुको पहिचान, प्राथमिकीकरण र कार्यक्रम तर्जुमा गरी स्थानीय निकायमा विकास कार्यक्रमसँग कार्यगत तादम्यता मिलाउने विषयमा सहजीकरण गर्ने ।

(६) गरिवी निवारण कोषको केन्द्रीय नीतिवमोजिम जिल्लामा सामुदायिक संस्थाहरुको गठन गर्न सहजीकरण गर्ने र उनीहरुका लागि आयआर्जन, भौतिक पूर्वाधार र क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

(७) आवश्यकताअनुसार स्थानीयस्तरमा गरिवी निवारण कोष अनुगमन समिति र सामुदायिक संस्थाको सञ्जाल गठन गर्ने/गराउने ।

(८) गरिवी निवारण कोषले स्थानीयस्तरमा विनियोजन गरेको रकम समन्वय समितिमा जानकारी गराउने ।

(९) गरिवी निवारण सम्वन्धित विषयमा अध्ययन, अनुसन्धान कार्यमा सहयोग गर्ने ।

(१०) गरिवी निवारण कोषका लागि जिल्लास्तरीय दीर्घकालीन योजनाको मस्यौदा तयार गरी जिल्ला परिषदमा अनुमोदनका लागि पेस गर्ने ।

(११) सम्वन्धित विषयगत मन्त्रालय र विभाग, राष्ट्रिय योजना आयोग, जिल्ला विकास समितिको मार्गनिर्देशन तथा गुरुयोजना र आवधिक योजनालाई आधार मानी वार्षिक विकास कार्यक्रम र वजेट तर्जुमा गर्न सहजीकरण गर्ने ।

(१२) जिल्लास्थित वित्तीय संस्थाहरुसँग सामुदायिक संस्थाहरुको साझेदारीको लागि समन्वय गर्ने ।

(१३) जिल्लामा गरिवी निवारणसँग सम्वन्धित अन्य निकायहरुले सञ्चालन गरेका कार्यक्रमहरुसँग समन्वय गरी दोहोरोपना हुन नदिने ।

(१४) गरिवी निवारण कोषका सम्वन्धमा परेका उजुरीहरु र गुनासाका वारेमा सुनुवाइ गर्ने :

## ६. समितिको बैठकसम्बन्धी कार्यविधि :

समितिको वैठकसम्वन्धी कार्यविधि देहायअनुसार हुनेछ ।

(१) समन्वय समितिको वैठक प्रत्येक चौमासिक एकपटक पर्ने गरी वर्षमा कम्तीमा तीनपटक वस्नेछ । यसका अतिरिक्त वैठकहरु आवश्यकतावमोजिम संयोजकको अनुमति लिई वर्षमा ६ पटकभन्दा वढी नहुने गरी सदस्य-सचिवले वोलाउन सक्नेछ । सोभन्दा वढी वैठक वस्नु परेमा कोषको केन्द्रीय सचिवालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) समन्वय समितिको वैठक सदस्य-सचिवले संयोजकसँग परामर्श गरी तोकेको मिति, स्थान र समयमा वोलाउनेछ ।

(३) वैठकमा छलफल हुने विषयहरुसहितको सूचना सदस्य-सचिवले वैठक वस्नु अगावै सवै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको वैठकमा ५० प्रतिशतभन्दा वढी सदस्यहरु उपस्थित भएमा वैठकको लागि गणपूरक सङ्ख्या पुगेको मनिनेछ ।

(५) समितिले गरिवीसँग सरोकार राख्ने कुनै विशेषज्ञ, व्यक्ति वा सरोकारवाला निकायका प्रतिनिधिलाई आवश्यकताअनुसार वैठकमा आमन्त्रण गरिएकामा त्यस्तो आमन्त्रित व्यक्तिलाई वैठकमा मतदान गर्ने अधिकार हुने छैन् ।

(६) समितिको वैठकमा सामान्यतया: सर्वसम्मतरुपमा निर्णय गर्नुपर्नेछ र सो हुन नसकेमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा समितिको संयोजकले निर्णायक मत दिनेछन् ।

(७) वैठकमा भएका निर्णयलाई सदस्य-सचिवले निर्णय पुस्तिकामा अभिलेख राखी संयोजकवाट प्रमाणित गराई राख्नुपर्नेछ । वैठकका निर्णयहरु सात दिनभित्र कोषको केन्द्रीय सचिवालय, जिल्ला विकास समिति र सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

(८) वैठक सञ्चालनसम्वन्धी अन्य कार्यविधि समन्वय समिति आफैंले निर्धारण गरेवमोजिम हुनेछ ।

## ७. उप-समिति गठनसम्बन्धी व्यवस्था:

समन्वय समितिको उद्देश्य र कार्यक्रमलाई सहयोग पुऱ्याउन समितिले आवश्यकताअनुसार विभिन्न उप-समिति गठन गर्न सक्नेछ । समितिले उपसमिति गठन गर्दा निश्चित विषय, काम र समयावधि तोकी त्यस्तो उपसमिति गठन गर्न सक्नेछ ।

## ८. गुनासो व्यवस्थापन उप-समिति गठन गर्ने व्यवस्था

जिल्लामा समितिले गरिवी निवारण कोषका कार्यक्रम कार्यान्वयनका वारेमा परेका गुनासाहरुको सुनुवाइ गर्न तपसिलवमोजिमको उपसमिति गठन गर्ने व्यवस्था मिलाउने छ-

- सहायक प्रमुख जिल्ला अधिकारी वा समितिले सम्वन्धित निकायसंग समन्वय गरी तोकेको जिल्लामा कार्यरत कुनै अधिकृत
- सम्वन्धित गैरसरकारी संस्थाको प्रतिनिधि
- गरिवी निवारण कोषको जिल्ला कार्यप्रवन्धक

**९. बैठक भत्तासम्बन्धी व्यवस्था :**

स्वीकृत बजेटको सीमाभित्र रहेर समिति र उपसमितिको बैठक भत्ता कोषले तोकिदिएबमोजिम हुनेछ ।

**१०. जिल्लास्तरीय कोष सञ्चालनसम्बन्धी व्यवस्था:**

(क) गरिवी निवारण कोषसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय निकायमा गरिवी निवारण कोष कार्यक्रमसँग सम्वन्धित एक छुट्टै कोषको व्यवस्था जिल्ला विकास समितिले गर्न सक्नेछ । त्यस्तो कोषमा गरिवी निवारण कोषवाट प्राप्त अनुदानका अतिरिक्त स्थानीय निकाय र अन्य सरोकारवाला निकायवाट प्राप्त रकम जम्मा गर्न सकिनेछ ।

(१) समितिमार्फत खर्च हुने गरी थप कार्यक्रम वा बजेट उक्त समितिलाई उपलब्ध गराउन सकिनेछ । उक्त रकम गरिवी निवारण कोषको नीति नियम र निर्देशनअनुरुप आर्थिक एवं सामाजिक सशक्तीकरण, आयआर्जन तथा स-साना उत्पादनमूलक भौतिक पूर्वाधारका कार्यक्रमहरु तथा सामुदायिक संस्थाहरुका संस्थागत/क्षमता विकाससम्वन्धी थप कार्यक्रमहरु र क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

(२) कार्यक्रम तथा खर्चको बाँडफाँड गरिवी निवारण कोषको प्राथमिकीकरणको आधारमा समन्वय समितिको निर्णयअनुसार हुनेछ ।

(३) विकास कार्यक्रम सञ्चालन गर्दा विषयगत कार्यक्रमको लागि प्राप्त रकम सोही कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

**११. लेखा परीक्षण, लेखापालनसम्बन्धी व्यवस्था :**

(१) गरिवी निवारण कोषवाट कार्यलय सञ्चालन तथा अनुगमनका लागि विनियोजित रकमको आम्दानी, खर्चको विवरण नियमानुसार जिल्ला विकास समितिको आर्थिक प्रशासन शाखामा राखिनेछ ।

(२) उक्त रकमको लेखा परीक्षण स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम हुनेछ ।

**१२. प्रतिवेदन :**

(१) सदस्य-सचिवमार्फत पेस हुन आएको कार्यप्रगति विवरण र आर्थिक प्रतिवेदन समितिमा पेस गरिनेछ ।

गरिबी निवारण कोष नेपाल २०६०

(२) समितिले आवधिक रुपमा कार्यप्रगति विवरण र आर्थिक प्रतिवेदन स्वीकृत गर्ने तथा आगामी आर्थिक वर्षमा गरिने कार्यक्रम र अनुमानित बजेट प्रस्ताव गरी स्वीकृतिका लागि कोषको केन्द्रीय सचिवालयमा पठाउनेछ ।

(३) बैठकबाट अनुमोदन गरिएको वार्षिक कार्यक्रम र आगामी वर्षको स्वीकृत कार्यक्रम र बजेट सार्वजनिकीकरण गरी सम्बन्धित निकाय र सरोकारवालालाई जानकारी गराउनु पर्नेछ ।

## १३. मार्गदर्शन संशोधन :

(१) यस मार्गदर्शनमा व्यवस्था गरिएको कुनै पनि प्रावधान संशोधन वा थपघट गर्नु परेमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परामर्शमा गरिबी निवारण कोषबाट हुन सक्नेछ ।

## १४ .बाधा अड्काउ फुकाउ :

यस मार्गदर्शनको कार्यान्वयनमा बाधा अड्काउ र कुनै द्वीविधा परेमा त्यस्तो द्वीविधा र बाधा अड्काउ फुकाउन कोषको सञ्चालक समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

## १५.अधिकार प्रत्यायोजन :

यस मार्गदर्शनबमोजिम समितिले आफूलाई प्राप्त भएको कुनै अधिकार उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

नेपाल
२०६०